# आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा

## सारांश

१. आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीति २०६८ साउन ५ गते सार्वजनिक गरिएको थियो । वित्तीय प्रणालीमा तरलताको अभाव, शोधनान्तरमा चाप, उच्च मूल्य वृद्धि र न्यून आर्थिक वृद्धिदर रहेको पृष्ठभूमिमा यस आर्थिक वर्षको मौद्रिक नीति तर्जुमा भएको थियो । मौद्रिक नीति कार्यान्वयनमा आएपछि समष्टिगत आर्थिक परिसूचकहरुमा देखिएको सुधार, विद्यमान चुनौतीहरु र बाँकी अवधिमा मौद्रिक नीतिले लिनुपर्ने कार्यदिशालाई समेटेर चालू आर्थिक वर्षको मौद्रिक नीतिको अर्ध-वार्षिक समीक्षा प्रस्तुत गरिएको छ ।

२. मौद्रिक नीतिको सफल कार्यान्वयनको परिणामस्वरुप समष्टिगत आर्थिक स्थितिमा अहिले उल्लेख्य सुधार आएको छ । चालू आर्थिक वर्षमा शोधनान्तर स्थिति उल्लेख्य रुपमा बचतमा रहेको छ भने मुद्रास्फीति दर घट्ने क्रममा रहेको छ ।

## अन्तर्राष्ट्रिय आर्थिक परिदृश्य

३. अन्तर्राष्ट्रिय मुद्राकोषले विश्वको आर्थिक वृद्धिदर घट्ने प्रक्षेपण गरेको छ । सन् २०१२ मा विश्वको आर्थिक वृद्धिदर ३.३ प्रतिशत मात्र रहने देखिएको छ । नेपालका छिमेकी देश भारत र चीनको आर्थिक वृद्धिदरमा पनि शिथिलता आउने देखिएको छ । सन् २००७ को अमेरिकी वित्तीय संकट पश्चात अवलम्बन गरिएको लचिलो मौद्रिक नीतिबाट बाहिरिएका छिमेकी देशहरुले घट्दो आर्थिक वृद्धिदरलाई ध्यानमा राखेर पुनः लचिलो मौद्रिक नीति अवलम्बन गर्न थालेका छन् ।

४. आर्थिक वृद्धिदरमा शिथिलता आउने प्रक्षेपणसँगै विश्वको मुद्रास्फितिमा कम चाप पर्ने देखिएको छ । अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २०११ मा विकसित देशहरुको मुद्रास्फीति २.७ प्रतिशत रहेकोमा सन् २०१२ मा मुद्रास्फीतिदर १.६ प्रतिशत रहने प्रक्षेपण गरेको छ । डिसेम्बर २०११ मा भारतमा खाद्य सामग्रीको थोक मूल्य ४.६ प्रतिशतले घटेको छ ।

## आन्तरिक आर्थिक स्थिति

### गार्हस्थ्य उत्पादन

५. वर्षे र हिउँदे मौसम अनुकूल रहेकोले कृषि क्षेत्रको वृद्धिदर चालू आर्थिक वर्ष २०६८/६९ मा अपेक्षा अनुसार रहने देखिएको छ । तर, नेपालमा राजनैतिक संक्रमण अझै कायम रहेको, शान्ति सुरक्षामा अपेक्षित सुधार भइनसकेको, विद्युत लोडसेडिङ्गको समस्या यथावत रहेको र सरकारको पूँजीगत खर्चले गति लिन नसकिरहेको अवस्थाले गर्दा औद्योगिक उत्पादन बढ्न सकेको छैन ।

६. औद्योगिक क्षेत्रलाई आवश्यक पर्ने विद्युत एवं ईन्धनको आपूर्तिको अवस्थामा खासै सुधार हुन नसकेको अवस्था छ । सेवा क्षेत्रतर्फ कृषि उत्पादनको अवस्था राम्रो रहेको र विप्रेषण आप्रवाह उल्लेख्यरुपमा बढेकोले व्यापार क्षेत्रको विस्तार हुने देखिन्छ । सेवा क्षेत्र अन्तर्गत सञ्चारको विस्तार चालू आर्थिक वर्ष पनि सन्तोषजनक रहेको छ । तर, पूंजीबजारको अवस्थामा सुधार हुन नसकेको तथा घरजग्गा कारोवारमा देखापरेका शिथिलताका कारण चालू आर्थिक वर्ष २०६८/६९ मा समग्र वित्तीय क्षेत्रको वृद्धिदरमा भने संकुचन आउने देखिन्छ ।

७. पूँजीगत खर्चमा पहिलो ६ महिनासम्म खासै सुधार हुन नसकेको र लोडसेडिङ्गको अवस्था यथावत रहेपनि बाँकी अवधिमा सरकारले पूँजीगत खर्चमा तीव्रता ल्याउने अपेक्षा गरिएको छ । हालसालै घोषणा गरिएको आर्थिक विकास तथा सम्वृद्धिको तत्कालिन कार्ययोजना २०६८ प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेको खण्डमा र पर्यटक आगमन पनि उच्च रहँदै गएमा गैर-कृषि क्षेत्रको वृद्धिदर बढ्नसक्ने देखिन्छ ।

**मूल्य स्थिति**

८. खाद्यान्नको मूल्यमा उल्लेख्य सुधार भएकोले मूल्य वृद्धिदरमा कमी आउन थालेको छ । तर पेट्रोलियम पदार्थको मूल्यमा चाप परिरहेको र अमेरिकी डलरसँग नेपाली रुपैयाँ कमजोर भएकोले गैर-खाद्य समूहको मूल्यमा चाप परेको स्थिति छ । आर्थिक वर्ष २०६८/६९ को पाँच महिनामा वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्कमा आधारित मुद्रास्फीति ७.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ९.६ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ७.१ प्रतिशतले बढेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १५.२ प्रतिशतले बढेको थियो । गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्कको वृद्धिदर भने गत वर्षको ५.० प्रतिशतको तुलनामा समीक्षा अवधिमा केही उच्च अर्थात् ७.८ प्रतिशतले बढेको छ ।

**सरकारी वित्त**

९. सरकारी वित्ततर्फ चालू खर्चमा उल्लेख्य वृद्धि भएतापनि पूँजीगत खर्चले खासै गति लिन सकेको छैन । यसले गर्दा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट समीक्षा अवधिमा बचतमा रहेको छ । बजेट बचत र आन्तरिक ऋण परिचालनले गर्दा चालू आर्थिक वर्षको पहिलो ६ महिनामा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. ३५ अर्ब १३ करोड नगद बचत कायम हुन गएको छ ।

१०. समीक्षा अवधिमा राजस्व २१.६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा राजस्व परिचालन १४.६ प्रतिशतले बढेको थियो । चालू आर्थिक वर्ष २०६८/६९ को पहिलो ६ महिनामा नेपाल सरकारलाई रु. २१ अर्ब २१ करोडको वैदेशिक अनुदान र रु. २ अर्ब ५९ करोडको वैदेशिक ऋण प्राप्त भएको छ ।

**वाह्य क्षेत्र**

११. वाह्य क्षेत्रमा उल्लेखनीय सुधारको स्थिति देखापरेको छ । अघिल्लो आर्थिक वर्षको पाँच महिनामा रु. ३ अर्ब ७६ करोडले घाटामा रहेको शोधनान्तर स्थिति चालू आर्थिक वर्षको सोही अवधिमा रु. ६१ अर्ब १९ करोडले बचतमा रहन गएको छ । निर्यातमा सुधारका अतिरिक्त मुख्यगरी विप्रेषण आप्रवाहमा भएको उल्लेख्य वृद्धि र पर्यटन आयमा भएको विस्तारले गर्दा उल्लेख्य रुपमा शोधनान्तर बचत हुन गएको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु. ४ अर्ब ५८ करोडले घाटामा रहेकोमा समीक्षा अवधिमा रु. २४ अर्ब ८९ करोडले बचतमा रहेको छ ।

१२. गत वर्षको पहिलो ६ महिनामा ९.० प्रतिशतले बढेको निर्यात चालू आर्थिक वर्षको सोही अवधिमा ११.२ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको ६ महिनामा ०.१ प्रतिशतले घटेको आयात चालू आर्थिक वर्षको सोही अवधिमा १६.८ प्रतिशतको उच्च दरले बढेको छ । निर्यातको वृद्धिदरमा अघिल्लो वर्ष भन्दा केही सुधार भएपनि व्यापार घाटा समीक्षा अवधिमा थप बढेको छ । अघिल्लो आर्थिक वर्षको पहिलो ६ महिनामा व्यापार घाटा १.३ प्रतिशतले घटे पनि समीक्षा अवधिमा १७.९ प्रतिशतले बढेको छ ।

**वित्तीय क्षेत्र**

१३. २०६८ असोज मसान्तसम्ममा वाणिज्य बैंकहरुको ११४२, विकास बैंकहरुको ६३० र वित्त कम्पनीहरुको ३३९ गरी बैंक तथा वित्तीय संस्थाहरुको संख्या २१११ पुगेको छ । वित्तीय सेवाको पहुँच नपुगेका क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाहरुलाई शाखा खोल्न प्रोत्साहन गर्ने उद्देश्यले यस बैंकबाट शुन्य व्याजदरमा उपलब्ध गराइएको सापटीअन्तर्गत थप ८ शाखाहरु संचालनमा आएका छन् ।

१४. चालू आर्थिक वर्षको पहिलो छ महिनामा वित्तीय प्रणालीमा यथेष्ठ तरलताको स्थिति देखा पऱ्यो । कर्जा प्रवाह बढ्न नसकेको तर निक्षेपको उच्च व्याजदर र विप्रेषण आप्रवाह उल्लेख्य दरमा बढेकोले समेत निक्षेपमा निरन्तर वृद्धि भई वित्तीय प्रणालीमा तरलता बढ्न गएको हो ।

१५. बैंक तथा वित्तीय संस्थाहरुको तरल सम्पत्ति उल्लेख्य रुपमा बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा १५.३ प्रतिशतले घटेको तरल सम्पत्ति समीक्षा अवधिमा २४ प्रतिशत (रु. ३३ अर्ब ७७ करोड) ले बढेको छ । यसले गर्दा तरलता-निक्षेप अनुपात पनि २०६८ असारको ३०.६ प्रतिशतबाट बढेर २०६८ मंसिरमा ३३.१ प्रतिशत पुगेको छ । वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको तरलता-निक्षेप अनुपात भने क्रमशः ३७.६ प्रतिशत, ३४.४

प्रतिशत र २८.२ प्रतिशत छ । अधिक तरलताको स्थितिले गर्दा अल्पकालीन व्याजदरहरुमा गिरावट आएको छ । २०६८ पुस महिनामा ९१-दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर ०.७० प्रतिशत र अन्तर-बैंक कारोबारको भारित औसत व्याजदर ०.९० प्रतिशत मात्र रहेको छ ।

१६. शेयर बजारमा मागको तुलनामा शेयरको आपूर्ति उच्च रहन गएकोले शेयर मूल्यमा अपेक्षित सुधार हुन सकेको छैन ।

१७. मौद्रिक नीतिमा उल्लेख भए बमोजिम चालू आर्थिक वर्ष २०६८/६९ को चौथो महिनादेखि विस्तृत मौद्रिक सर्वेक्षण प्रकाशन हुन थालेको छ । उक्त विस्तृत मौद्रिक सर्वेक्षणले वाणिज्य बैंकका अतिरिक्त विकास बैंक र वित्त कम्पनीहरुलाई पनि समेटेको छ । अघिल्लो आर्थिक वर्षको पाँच महिनासम्ममा १.७ प्रतिशतले बढेको विस्तृत मुद्राप्रदाय समीक्षा अवधिमा ८.८ प्रतिशतले बढेको छ ।

१८. चालू आर्थिक वर्षको समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको  निक्षेप परिचालन भन्दा कर्जा प्रवाह न्यून रहेको छ । निक्षेप परिचालन रु. ७३ अर्ब ७७ करोडले र कर्जा तथा लगानी प्रवाह रु. ३६ अर्ब ५४ करोडले बढेको छ । । समीक्षा अवधिमा विप्रेषण आप्रवाह बढेको तर लगानीका नयाँ क्षेत्रहरुमा बैंक तथा वित्तीय संस्थाहरु उन्मुख भइनसकेको तथा परम्परागत लगानीका क्षेत्रहरु विस्तार नभएका कारण कर्जा लगानी अपेक्षित रुपमा बढ्न नसकेको अवस्था छ ।

## वित्तीय तथा वाह्य क्षेत्र कार्यक्रमहरूको कार्यान्वयन स्थिति

### लघुवित्त तथा वित्तीय पहुँच

१९. आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिमा उल्लेख भए बमोजिम लघुवित्त प्राधिकरण र ग्रामीण स्वावलम्वन कोषलाई समेत राष्ट्रिय लघुवित्त कोषको रुपमा स्थापना गर्ने सम्बन्धमा आवश्यक ऐनको मस्यौदालाई अन्तिम रुप दिइएको छ ।

२०. सुदूरपश्चिम तथा मध्य-पश्चिमका पहाडी क्षेत्रमा वित्तीय सेवाको पहुँच अत्यन्तै कमजोर रहेको सन्दर्भमा आवश्यक अध्ययन गर्ने सिलसिलामा सर्वेक्षणको कार्य भइरहेको छ ।

२१. बैंक तथा वित्तीय संस्थाहरुको उपस्थिति न्यून रहेका तोकिएका ३० जिल्लाका सदरमुकाममा शाखा खोलेमा रू. ५० लाखसम्म र सदरमुकामभन्दा बाहिर शाखा खोलेमा रू. १ करोडसम्म निर्व्याजी रकम निश्चित अवधिको लागि सापटीको रूपमा उपलब्ध गराउने व्यवस्था अन्तर्गत २०६८ साउनदेखि माघ १५ सम्ममा ५ वाणिज्य बैंक र ३ विकास बैंकले गरी जम्मा रू. ७ करोडको सुविधा उपयोग गरेका छन् ।

२२. प्राकृतिक व्यक्तिको नाममा बचत तथा मुद्दती निक्षेपमा रहेको रू. २ लाखसम्मको निक्षेप सुरक्षण गर्ने व्यवस्था भइरहेकोमा यो व्यवस्थालाई वाणिज्य बैंकमा पनि लागू गरिएको छ ।

२३. आर्थिक वर्ष २०६७/६८ मा प्रारम्भिक कार्य शुरु गरिएको ग्रामीण कर्जा सर्वेक्षण कार्यलाई आर्थिक वर्ष २०६८/६९ मा पनि अघि बढाइएको छ ।

### वित्तीय क्षेत्र सुधार, नियमन तथा सुपरिवेक्षण

२४. वित्तीय क्षेत्र सुधार परियोजनाको अवधि ३१ डिसेम्बर २०११ मा समाप्त भएको सन्दर्भमा थप सुधार कार्य अघि बढाउने सम्बन्धमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्राकोषसँग छलफल भइरहेको छ ।

२५. निरीक्षण तथा सुपरिवेक्षण सम्वन्धी व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सुपरिवेक्षकीय विभागहरूको संरचनामा हेरफेर गरी थप सुदृढीकरण गरिएको छ ।

२६. सुपरिवेक्षण पद्धतिलाई जोखिममा आधारित (Risk based) पद्धतितर्फ लग्न विद्यमान निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०५९ मा आवश्यक संशोधन गर्न मस्यौदा तयार गरिसकिएको छ ।

२७. नेपाल राष्ट्र बैंकको सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्ने क्रममा अन्तर्राष्ट्रिय परामर्शदाताबाट आवश्यक सहयोग लिई यसको प्रभावकारी कार्यान्वयन गर्ने कार्य सुरु गरिएको छ ।

२८. वित्तीय प्रणालीमा अकस्मात आउन सक्ने संकटलाई समयमै संबोधन गर्न तत्काल लिनुपर्ने कदमहरूका सम्बन्धमा आकस्मिक योजना (Contingency Plan) तयार गर्न बैंक सुपरिवेक्षण सल्लाहकारको सहयोग लिई आवश्यक काम अगाडि बढाउने कार्यक्रम रहे अनुसार सल्लाहकारबाट कार्ययोजना पेश भएको छ ।

२९. बैंकहरूको वित्तीय स्वास्थ्यमा पर्न सक्ने सम्भावित प्रभाव आंकलन गर्न दवाव परीक्षण (Stress Test) अन्तर्गत नमूना परीक्षण सम्पन्न गरी प्राप्त पृष्ठपोषणको आधारमा बैंकहरू स्वयंले आफ्नो दवाव परीक्षण गर्न आवश्यक मार्गदर्शन जारी गरिएको छ ।

३०. वित्तीय सेवाको पहुँच कम रहेका ग्रामीण क्षेत्रहरूलाई कार्यक्षेत्र कायम गरी वित्तीय संस्था संस्थापना गर्न दिन छनौटपूर्ण इजाजतपत्र सम्बन्धी नीति अख्तियार गरिएको छ ।

३१. वास्तविक लगानीकर्ताहरूबाट बैंक तथा वित्तीय संस्था प्रवर्द्धन हुने वातावरण मिलाउन इजाजतपत्र सम्बन्धी नीतिगत व्यवस्थामा समय सापेक्ष पुनरावलोकन गर्न आवश्यक अध्ययन भइरहेको छ ।

३२. बैंक तथा वित्तीय संस्थामा संस्थापकहरूको संख्यात्मक उपस्थिति भन्दा पनि रणनीतिक सहभागिता बढाउनको लागि नयाँ स्थापना हुने बैंक तथा वित्तीय संस्थाहरूको संस्थापक शेयरधनीको योग्यता मूल्याङ्कन गर्ने प्रणालीमा सुधार गर्नको लागि अध्ययन भइरहेको छ ।

३३. बैंक तथा वित्तीय संस्थाहरूलाई एकआपसमा गाभ्ने तथा गाभिने कार्यमा प्रोत्साहित गरी संस्थागत सुशासन, स्वच्छ प्रतिस्पर्धा र वित्तीय सुदृढीकरणमार्फत् वित्तीय स्थायित्वलाई प्रभावकारी बनाउने नीति लिइएको परिप्रेक्ष्यमा सम्बन्धित विभागमा एउटा छुटटै इकाई गठन गरिएको छ । गाभ्ने/गाभिने प्रक्रियालाई सहुलियत दिन नेपाल राष्ट्र बैंकले २०६८ बैशाखमा सो सम्बन्धी विनियमावली जारी गरेको थियो । यस अनरुप ६ जोडी बैंक तथा वित्तीय संस्थाहरु गाभ्ने/गाभिने क्रममा रहेका छन् ।

३४. बैंक तथा वित्तीय संस्थाका संचालकले आफू वा आफ्नो परिवारका सदस्य तथा आफ्नो वा आफ्नो परिवारको स्वामित्व वा नियन्त्रणमा रहेको फर्म/कम्पनीको नाममा विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको कर्जा सम्बन्धी स्वघोषणा विवरण अद्यावधिक गरी राख्ने व्यवस्था मिलाउनको लागि आवश्यक निर्देशन दिइएको छ र सोको अनुगमन समेत भइरहेको छ ।

३५. बहु-बैंकिङ्ग कारोवारबाट कर्जाको जोखिम बढ्न नदिन यस बैंकबाट इजाजत प्राप्त "घ" वर्गका लघुवित्त विकास बैंक, सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था तथा वित्तीय मध्यस्थताको कार्य गर्ने गैर-सरकारी संस्थाहरुले कुनै व्यक्ति/समूह सदस्य/समूहलाई रू. ३० हजार भन्दा बढी कर्जा प्रदान गर्दा सम्बन्धित शाखा कार्यालयको कार्यक्षेत्र भित्र पर्ने यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त विकास बैंक, सीमित बैंकिङ्ग कारोवार गर्ने सहकारी संस्था तथा वित्तीय मध्यस्थताको कार्य गर्ने गैर-सरकारी संस्थाहरुबाट ग्राहकको कर्जा सम्बन्धी सूचना लिनु/दिनु पर्ने नीतिगत व्यवस्था गरिएको छ ।

३६. कृषि क्षेत्र र जलविद्युत उत्पादन परियोजनामा कर्जा प्रवाह बढ्न सकोस् भन्ने उद्देश्यले पुनरकर्जा सम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरी ६.५ प्रतिशत व्याजदरमा पुनरकर्जा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

३७. घरजग्गा तथा रियलस्टेटतर्फ प्रवाहित कर्जालाई सीमाभित्र ल्याउन थप समय उपलब्ध गराइएको तथा आवासीय घरकर्जाको सीमालाई वृद्धि गरी रु. १ करोड कायम गरिएको छ ।

३८. शेयर धितोमा जाने मार्जिन कर्जाको सम्बन्धमा कर्जा नियमित रहेको अवस्थामा त्यस्तो कर्जा नवीकरण गर्न सकिने व्यवस्था गरिएको छ । "ख" र "ग" वर्गका वित्तीय संस्थाहरुको हकमा बैंक तथा वित्तीय संस्थामा मागेको बखत फिर्ता पाउने खाता खोली २०६९ असार मसान्तसम्म रकम राख्न पाउने व्यवस्था गरिएको छ ।

३९. "क" वर्गका बैंकहरुले कृषि र उर्जा क्षेत्रमा कुल कर्जा लगानीको न्यूनतम १० प्रतिशत कर्जा लगानी गर्नुपर्ने व्यवस्था गरिएको छ । यस अनुसार उक्त क्षेत्रहरुमा १० प्रतिशत भन्दा कम कर्जा लगानी रहेको भएमा २०७१ असार मसान्तसम्म न्यूनतम १० प्रतिशत पुऱ्याउने गरी २०६८ असार मसान्तमा कायम रहेको कर्जा लगानी प्रतिशतलाई कम्तिमा वार्षिक २ प्रतिशत विन्दुले वृद्धि गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**विदेशी विनिमय व्यवस्थापन**

४०. बैंक तथा वित्तीय संस्थाहरूले जलविद्युतसँग सम्बन्धित परियोजनामा विदेशी मुद्रामा कर्जा उपलब्ध गराउन र यस बैंकबाट स्वीकृति प्राप्त गरी विदेशी मुद्रामा जारी भएका विभिन्न उपकरणहरूमा समेत लगानी गर्न सक्ने व्यवस्था गरिएको छ ।

४१. गैर-आवासीय नेपालीलाई नेपालमा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्ने व्यवस्था मिलाइएको छ । व्यक्ति, फर्म, कम्पनी तथा संघ-संस्था आदिले विदेशमा खाता खोल्न सक्ने गरी आवश्यक व्यवस्था गरिएको छ ।

४२. नेपाली नागरिकले आफ्नो परिचय-पत्र सहित विदेशी मुद्रा प्राप्त भएको कारण र स्रोत उल्लेख गरी सटही गर्न ल्याएमा एकपटकमा अमेरिकी डलर १,०००।- वा सो बराबरसम्म हुने अन्य परिवर्त्य विदेशी मुद्रा यस बैंकबाट इजाजत प्राप्त निकायले सटही गरिदिन सक्ने व्यवस्था गरिएको छ । नेपाल-भुटानबीच हुने कार्ड कारोवारको हिसाव-मिलान भारतीय रूपैयाँमा समेत गर्न सकिने व्यवस्था गरिएको छ ।

## आर्थिक तथा मौद्रिक परिदृश्य

४३. चालू आर्थिक वर्षको आर्थिक वृद्धिदर बजेटले परिलक्षित गरे बमोजिम हुने देखिएको छ । मौसम अनकूल रहेकोले कृषि क्षेत्रको वृद्धिदर ४.७५ प्रतिशतले र सेवा क्षेत्रको विस्तारले गर्दा गैर कृषि क्षेत्रको वृद्धिदर ४.२५ प्रतिशतले बढ्ने अनुमान रहेको छ । फलस्वरुप, कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर आधारभूत मूल्यमा ४.५ प्रतिशतले र उत्पादकको मूल्यमा ५.० प्रतिशतले बढ्ने अनुमान रहेको छ ।

४४. आर्थिक वर्ष २०६८/६९ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति दर ८.० प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान छ ।

४५. चालू आर्थिक वर्षको बाँकी अवधिमा विप्रेषण आप्रवाहमा केही शिथिलता आउन सक्ने देखिन्छ भने सरकारी पूँजीगत खर्च बढेमा आयात समेत बढ्न सक्छ । चालू आर्थिक वर्षको अन्त्यसम्ममा शोधनान्तर बचत करिब रु. ४० अर्ब रहने अनुमान छ ।

४६. चालू आर्थिक वर्ष २०६८/६९ मा विस्तृत मुद्रा प्रदाय १५.० प्रतिशतले बढ्ने संशोधित प्रक्षेपण रहेको छ । निजी क्षेत्रतर्फ जाने कर्जा मौद्रिक नीतिमा उल्लेख भए वमोजिम १४.० प्रतिशतले बढ्ने प्रक्षेपण रहेको छ ।

## मौद्रिक नीतिको कार्यदिशा तथा व्यवस्थापन

४७. हाल बैंकिङ्ग क्षेत्रमा रहेको अधिक तरलतालाई उत्पादनशील क्षेत्रतर्फ कर्जा प्रवाह बढाउने कार्य चुनौतीपूर्ण रहेको छ ।

४८. चालू आर्थिक वर्ष २०६८/६९ मा मुद्रास्फीति घट्ने क्रममा रहेतापनि यो अझै उच्च रहेको छ भने सरकारी तवरबाट निर्धारण हुने वस्तु तथा सेवाहरुको मूल्य थप वृद्धि हुने सम्भावनालाई दृष्टिगत गर्दा मूल्य बढ्ने जोखिम कायमै छ ।

४९. सरकारी कोषको अवस्थाको अनुगमन गर्दै तदनुरुप मौद्रिक व्यवस्थापन गर्ने गरी मौद्रिक नीतिको कार्यदिशा तय गर्न आवश्यक छ । यस प्रयोजनका लागि यस बैंकले आवश्यक परेमा आफ्नै स्वामित्वमा रहेका सरकारी ऋणपत्र सोझै बिक्री (Outright Sale) गरी मौद्रिक व्यवस्थापनको कार्य गर्नेछ ।

५०. Macro-prudential माध्यमबाट उत्पादनशील क्षेत्रहरुमा कर्जा प्रवाह बढ्न सघाउन मौद्रिक नीति तथा कर्जा नीतिले सजग कार्यदिशा अवलम्वन गर्नेछ ।

५१. प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा घरजग्गा ऋणमा बैंक तथा वित्तीय संस्थाहरुको लगानी अझै पनि उच्च रहेकोले वासलातमा नकारात्मक असर पर्ने जोखिम छ । वित्तीय प्रणालीमा भएको अधिक तरलताले मौद्रिक विस्तारमा चाप नपारोस् भन्नेतर्फ मौद्रिक नीति परिलक्षित हुनेछ ।

५२. नेपालको वित्तीय प्रणालीमा कर्जा र निक्षेप व्याजदर फरक (व्याजदर स्प्रेड) उच्च रहेको छ । कर्जा-निक्षेपको व्याजदर अन्तरको नियमित अनुगमन गर्दै व्याजदरलाई वाञ्छित स्तरमा राख्ने प्रयास मौद्रिक व्यवस्थापनको हुनेछ ।

५३. बदलिंदो वित्तीय परिवेश अनुरुप आगामी आर्थिक वर्षदेखि मौद्रिक नीतिको संचालन खाकामा पनि समसामयिक परिवर्तन गर्नका लागि आवश्यक कार्य गरिनेछ ।

५४. मौद्रिक नीतिको संचालन प्रक्रियालाई क्रमश: व्याजदर कोरिडरतर्फ अभिमुख तुल्याइनेछ ।

५५. मौद्रिक नीति, वित्तीय नियमन, सुपरिवेक्षण तथा Macroprudential नीतिहरुलाई समन्वयात्मक ढंगले अघि बढाउन संस्थागत व्यवस्था गरिनेछ ।

५६. नेपाल सरकारले २०६८ माघमा जारी गरेको आर्थिक विकास र समृद्धिको तत्कालीन कार्ययोजना २०६८ अनुसार कृषि र उर्जा क्षेत्रमा कर्जा प्रवाह गर्न तथा घरजग्गा अन्तर्गत आवासतर्फ गएको ऋण समस्या समाधान गर्न सामान्य कर्जा, पुनरकर्जा र कर्जा पुनर्तालिकीकरण व्यवस्थालाई परिमार्जन गरिनेछ ।

५७. निर्यातमूलक उद्योगहरुलाई बैंक तथा वित्तीय संस्थाहरुबाट आवश्यक कर्जा सुलभ रुपमा प्रवाह हुन सकोस् भन्ने उद्देश्यले यस बैंकबाट पुनरकर्जा सुविधा उपलब्ध गराउने नीतिगत व्यवस्था मा यसमा देखिएका व्यवहारिक समस्या समाधान गरिनेछ ।

५८. घरेलु, साना तथा मझौला उद्योगहरु (SMEs) को विकासमा बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने कर्जालाई प्रोत्साहित गर्न सबै बैंक तथा वित्तीय संस्थाहरुले SMEs डेस्क राख्ने व्यवस्था प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

५९. लगानी प्रवर्द्धनका लागि पहल गरिएका लगानी वर्ष कार्यक्रमले तय गरेका क्षेत्रमा कर्जा नीति मार्फत् साधन प्रवाह गर्न टेवा पुर्‍याइनेछ ।

**अन्त्यमा,**

६०. विगत दुई आर्थिक वर्षहरुमा शोधनान्तरमा चाप, उच्च मूल्य वृद्धि, तरलताको अभाव र न्यून आर्थिक वृद्धिको स्थिति थियो । मौद्रिक नीतिको सफल कार्यान्वयनको परिणामस्वरुप समष्टिगत आर्थिक स्थितिमा अहिले उल्लेख्य सुधार आएको छ । चालू आर्थिक वर्षमा शोधनान्तर स्थिति उल्लेख्य रुपमा बचतमा रहेको छ भने मुद्रास्फीती घट्ने क्रममा रहेको छ । आर्थिक वृद्धिदर पनि सन्तोषजनक रहने अनुमान छ ।

६१. आर्थिक वर्षको बाँकी अवधिमा आयातमा वृद्धि भएमा र विप्रेषण आप्रवाहको वृद्धिदरमा कमी आएमा शोधनान्तर स्थितिमा दवाव पर्ने सम्भावनालाई नकार्न सकिंदैन । त्यस्तै, खाद्यान्नको मूल्यमा गिरावट आए पनि गैर-खाद्य तथा सेवाको मूल्य उच्च रहने प्रवृत्ति रहेकोले मूल्यमा चाप पर्ने जोखिम कायमै छ । अर्कोतर्फ चालू आर्थिक वर्षको समीक्षा अवधिमा तरलतामा सुधार आएपनि कर्जाको व्याजदरमा कमी आउन नसकी बैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने कर्जाको मागमा कमी आएको छ । निजी क्षेत्रमा जाने कर्जा वृद्धिदरमा आएको कमीले आर्थिक वृद्धिदरमा नकारात्मक असर पार्ने अवस्था छ ।

६२. यी तथ्यहरुलाई ध्यानमा राखी चालू आर्थिक वर्षको बाँकी अवधिको लागि मौद्रिक विस्तारले गर्दा मुद्रास्फीति र शोधनान्तरमा चाप नपर्ने गरी वित्तीय स्थिरता र आर्थिक वृद्धि अभिमुख मौद्रिक नीतिको कार्यदिशा तय गरिएको छ ।

६३. यसबाट समष्टिगत आर्थिक स्थायित्व र वित्तीय स्थिरतामा सहयोग पुग्ने विश्वास गरिएको छ । लम्बिंदो राजनैतिक संक्रमणकाल, निरन्तर उर्जा संकट र लगानीकर्ताको आत्मविश्वासमा सुधार आउन नसकेको परिप्रेक्ष्यमा आर्थिक वृद्धि सहित समष्टिगत आर्थिक स्थायित्व र वित्तीय स्थिरता कायम राख्ने कार्य भने चुनौतिपूर्ण रहेको छ । तापनि, मौद्रिक नीतिका समकक्षी बैंक तथा वित्तीय संस्थाहरु, व्यवसायी लगायत अन्य सरोकारवालाहरुको सहयोग र विवेकशील व्यवहार प्राप्त हुन सकेमा मौद्रिक नीतिका उद्देश्यहरु हासिल हुने अपेक्षा गरिएको छ ।

६४. सारांशको रुपमा यहांहरु समक्ष पेश गरिएको यो आर्थिक वर्ष २०६८/६९ को मौद्रिक नीतिको अर्ध वार्षिक समीक्षाको पूर्ण अंश यस बैंकको वेभसाइट (www.nrb.org.np) मा राखिएको छ । सदाझैं, मौद्रिक नीति २०६८/६९ को कार्यान्वयनमा हालसम्म सहयोग पुर्‍याउनु हुने सबैलाई धन्यवाद दिंदै आगामी दिनहरुमा पनि सहयोगको लागि नेपाल राष्ट्र बैंक अनुरोध गर्दछ ।